स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



यम शेर्पाको लेखन तथा निर्देशनमा तयार भएको फिल्म 'कार्साङ' आगामी पुष २६ गतेबाट प्रदर्शनमा आउने भएको छ। पहिलो पोस्टर सार्वजनिक गर्दै प्रदर्शन मिति घोषणा गरिएको हो। पोस्टरमा फिल्मका शीर्ष अभिनेता दयाहाङ राई र नव-अभिनेत्री सिर्जना निङ्लेखु प्रस्तुत छन्। दयाहाङको छेउमा उनकी श्रीमतीको भूमिकामा रहेकी सिर्जना आँगनमा बसेर रोइरहेकी छन्। बिर्को खोलिएको ग्यालिनबाट पानी पोखिएको छ।

**आजको विचार...**



अमृता नेपाल

मौलिक...
*(दुई पेजमा)*



अभिनेत्री पूजा शर्मा र गायिका समीक्षा अधिकारीबीचको सम्बन्ध 'जति बुझ्यो त्यति कठीन, झन्झन् बुझ्यो झन् कठिन' छ। अभिनेता पल शाहमाथि मुद्दा दायर भएपछि पूजाले समीक्षाको चरित्रमाथि नै प्रश्न उठाएकी थिइन्। पल रिहा भइसकेर पनि भेट्न नआएपछि पूजाले समीक्षासँग घनिष्टता बढाइन्। पूजाले फिल्म 'रावायण'मा पलसँग काम गर्ने निश्चित भयो, त्यसपछि पूजा र पूजालेअन्तर्वार्तामा दिएको अभिव्यक्तिले उनीहरुबीच आरोप-प्रत्यारोपको जुहारी सुरु भएको हो।

❐ वर्ष ३० ❐ अंक ५१ ❐ २०८१ भदौ २० गते बिहीबार 5 September 2024, Thursday ❐ पृष्ठ संख्या ८ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### रूसले युक्रेनमा आक्रमण गर्दा ५१ को मृत्यु

(रासस/एएफपी)

**पोल्ताभा,भदौ १९/** रूसले युक्रेनी सहर पोल्ताभामा मङ्गलबार गरेको क्षेप्यास्त्र आक्रमणमा कम्तिमा ५१ जनाको मृत्यु हुनुका साथै सयौं घाइते भएको अधिकारीहरूले बताएका छन् । अधिकारीहरुका अनुसार यो आक्रमण दुई देश बीचको साढे दुई वर्षको युद्ध अवधिको सबै भन्दा घातक आक्रमण हो । अमेरिकी राष्ट्रपति जो बाइडेनले उक्त आक्रमणको निन्दा गर्नु भएको छ । रूसले सैन्य प्रशिक्षण सुविधा तथा नजिकैको अस्पताललाई केन्द्रित गरी प्रहार गरेको किएभले जनाएको छ । युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले निर्दोश युक्रेनीको हत्या गर्ने 'रूसी पक्षलाई जवाफदेही बनाउने वाचा' गरेका छन् भने उद्धारकर्ताहरूले आक्रमणबाट प्रभावित भग्नावशेष हटाउने काम गरिरहेका छन् । आक्रमणबाट प्रभावित भवनको भग्नावशेषबाट मानिसहरूको ज्यान बचाउनका लागि यथाशक्य प्रयास गरिरहेको जेलेन्स्कीले बताएका छन् । यो गम्भीर घटनाप्रति अमेरिका, जर्मनी र बेलायतलगायतका देशले गम्भीर चासो व्यक्त गरेका छन् । यसैबीच अमेरीकी राष्ट्रपति बाइडेनले किएभको रक्षा गर्न आवश्यक हवाई रक्षा प्रणाली र क्षमताहरू प्रदान गरी सैन्य सहायता जारी राख्ने वाचा गरेका छन् । बेलायती विदेश सचिव डेभिड ल्यामीले उक्त आक्रमणलाई घृणित कार्य भनेका छन् भने जर्मन विदेश मन्त्री एनालेना बेरबकले रूसी राष्ट्रपति भ्लादिमिर पुटिनको क्रूरताको 'कुनै सीमा नभएको' बताएका छन् ।

# भड्किलो तिज

***कथित सहर बजारमा साउनको आरम्भसँगै भड्किला तथा उत्ताउला पहिरनसहित दिनहुँजसो पार्टी प्यालेसमा हुने भोज, भतेर, प्रतिस्पर्धामा महिलाले पहिरने गरगहना, अनावश्यक र अस्वाभाविक श्रृंगारपटार जस्ता कुराले तिज मौलिक चाड हो भन्ने कुरालाई बिर्साइदिएको छ ।***

**रामचन्द्र रायमाझी**

**पाल्पा,** भदौ १९/हिन्दु महिलाहरुको महान पर्व हरितालिका तिज पर्व हिजोआज भड्किलो बन्दै गएको छ । तिजको नाममा दर खाने र खुवाउने प्रचलन परापूर्वकालदेखि सुरु भए पनि अहिले आएर महिनौंअघिदेखि दर खुवाउने परम्पराले विकृति पैदा गरिरहेको छ । हरेक वर्ष भाद्रशुक्ल द्वितीयादेखि पञ्चमीसम्म मनाइने यो नारीहरूको अत्यन्त महत्वपूर्ण र पवित्र एवं धार्मिक पर्व हो ।

माइतीको आँगनमा बाबुआमा, दाजुभाइ र दिदीबहिनी जम्मा भएर मनाइने हरितालिका तिज अहिले होटल र पार्टी प्यालेसमा पुगेको छ । व्रत र पूजाआजा गरी भाद्रशुक्ल द्वितीयदेखि पञ्चमीसम्म मनाइने हरितालिका तिज आजभोलि दरका नाममा महिनैभरी मनाउन थालिएको छ । व्रत र पूजाको स्थान भोजभतेरले लिएको छ । शृंगारको नाममा गरगहना र वस्त्रको प्रदर्शन, गीतको नाममा उच्छृङ्खलता र नाचको नाममा अंग प्रदर्शन एवं अश्लीलताको प्रदर्शन बढिरहेको छ । त्यसैगरी आजभोलिका कतिपय तिज गीत र नाचगान त घरपरिवारमा बसेर हेर्न र सुन्न सकिने खालका पनि छैनन् । कथित सहर बजारमा साउनको आरम्भसँगै भड्किला



तथा उत्ताउला पहिरनसहित दिनहुँजसो पार्टी प्यालेसमा हुने भोज, भतेर, प्रतिस्पर्धामा महिलाले पहिरने गरगहना, अनावश्यक र अस्वाभाविक श्रृंगारपटार जस्ता कुराले तिज मौलिक चाड हो भन्ने कुरालाई बिर्साइदिएको छ । 'हुनेले मिठो मसिनो, नहुनेले पिठो मसिनो' खाने पर्व थियो तिज । सात डाँडापारी विवाह गरी पठाएका चेलीबेटीलाई बाबा आमा, दाजुभाइ लिन गएर घरमा जम्मा गरी मिठोमसिनो खाने खुवाउने, असल भाइचाराको गाँठो कसिलो बनाउने, चेलीलाई माइती लिन जानुपर्ने, घर पक्षले अरू बेला नभए पनि यो बेला माइत पठाउनै पर्ने पर्व थियो तिज । सायद, यसैकारण माइतीको महत्वबोध बढी हुन्थ्यो उबेला नेपाली चेलीहरूलाई । तर, आज यो अवस्था रहेन । हुने खानेहरूलाई त यसले राम्रै गर्ला तर, हुँदा खाने नेपाली समाजका अन्य महिलाहरूलाई भने यो अनावश्यक तडकभडक र देखासिकीले नकारात्मक असर पार्ने गरेको छ । गाउँबेंसीमा चेलीबेटीका दुखेसो बोकेका गीत, हतारहतार काम सकेर चेलीबेटी लिन हिँडेका माइती, घर(घरमा पाक्ने अनदीको लट्टे, खीर, तामा(टुसाको तरकारी र काँक्राको अचार अनि रातभरि नाँचगान गर्दै खाइने दर ! त्यसपछि भोलिपल्ट निराहार व्रत बसी गरिने शिवजीको पूजा ! यही हो हाम्रो तिजको मौलिकता । तर अहिले यो मौलिक पर्व केही सम्भ्रान्त र नवधनाढ्य वर्गका महिलाले आर्थिक हैसियत प्रदर्शन गर्न र सस्तो मनोरञ्जनका लागि गरिने भड्किलोपनका कारण अलोकप्रिय तथा आलोच्य बनिरहेको छ । तानसेन कैलाशनगरकी ७५ वर्षीया मीना खत्री तिज फड्किलो बन्दै गएकोप्रति चिन्ता व्यक्त गर्छिन् । उनी भन्छिन्, 'बर्खा (असार(साउन)मा कामले लखतरान बनाउँथ्यो । भदौमा भने अलिक फुर्सद मिल्थ्यो । मनमा एक खालको उमंग छाउँथ्यो ।

**-बाँकी अन्तिम पेनमा...**

# 'मुलुक पछाडी फर्कनु हुन्न, अब परिवर्तनको बाटोमा जानुपर्छ'

**पाल्पा,** भदौ १९/नेपाली काँग्रेसका केन्द्रीय सदस्य तथा प्रतिनिधि सभा सदस्य डा.चन्द्र भण्डारीले मुलुक अब परिवर्तनको बाटोमा जानुपर्ने बताएका छन् । बुधबार नेपाल प्रेस युनियन पाल्पा शाखाले तानसेनमा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा बोल्दै नेता भण्डारीले मुलुक अब परिवर्तनको बाटो अघि बढ्नुपर्ने बताएका हुन् ।

उनले अब मुलुक बनाउनुपर्ने बेला आएको भन्दै देशलाई पछाडी फर्कन नदिई परिवर्तन गर्नु अहिलेको आवश्यकता रहेको धारणा व्यक्त गरे । नेता भण्डारीले नेतृत्वमा पुगेका नेताहरुबाट केही पनि हुन नसकेको प्रति सकेंत गर्दै भने 'मुलुकलाई बनाउनु पऱ्यो नि ! सबै युवाहरु बाहिर जाने, यहाँ म प्रधानमन्त्री, म पार्टी सभापति, म मन्त्री हुँ भनेर भाषण गरेर हुन्छ र ? हुँदै अब मुलुक परिवर्तनको बाटोमा जानुपर्छ, पछाडी फर्कनु हुन्न भन्ने मेरो सैद्धान्तिक धारणा हो ।' उनले फरक प्रसंगमा यही तरिकाले सरकार अघि बढेमा व्यवस्था संकटमा पर्न सक्ने चेतावनी दिएका छन् । नेता भण्डारीले यथास्थितिमै सरकार अगाडि बढिरहे व्यवस्था, नेतृत्व र मुलुकमाथि नै संकट आउनसक्ने बताए । संघीय




लोकतान्त्रिक गणतन्त्र ल्याउनका लागि आफू पाँच वर्ष जेल बसेको बताएका भण्डारीले नेतृत्वको असक्षमताको भारी अब बोक्न नसकिने पनि बताएका छन् । 'यही तरिकाले सरकार जान्छ भने लोकतान्त्रिक व्यवस्थामाथि पनि संकट निम्तिन्छ । त्यसबेला संकट नेतृत्वमाथि पनि पर्छ । संकट मुलुकमाथि पनि पर्छ', उनले भने, 'त्यसकारण सरकारले गफ होइन, काम गरेर देखाउनुपर्छ ।' सांसद समेत रहेका भण्डारीले अहिलेका नेताहरूको व्यवहारका कारण युवा पुस्तामा निराशा छाएको बताए । नेताहरूको कार्यशैलीका कारण अब देशमा केही हुन्न भन्ने लागेर युवा विदेशीएको उनको दाबी थियो । युवा पुस्तालाई देशमै राख्न नेताहरूले आफ्नो कार्यशैली परिवर्तन गर्नुपर्ने उनको भनाइ छ । 'नेताहरूले पद र प्रतिष्ठाको लागि गरेको लुछाचुँडीका कारण युवाहरू निराश भएका छन् । युवाहरूलाई देशमै राख्न उनीहरूको आवश्यकता अनुसारको विकास र सुशासन दिन सक्नुपर्छ,' उनले भने । दलका नेताहरू समयअनुसार अपडेट हुन नसकेकोतर्फ संकेत गर्दै उनले परिवर्तित समय र देशका युवा जमातको आवश्यकता के हो भनेर बुझ्न नेताहरूलाई सुझाव दिए । 'अहिले राजनीतिका लागि मात्र राजनीति भइरहेको छ । नेताहरू साँघुरो घेराबाट बाहिर आउनुपर्छ । नेतृत्वको कमजोरीका कारण राजनीतिमा युवालाई इमोसन दिन सकिएको छैन,' उनले भने । युनियनका जिल्ला उपाध्यक्ष रामचन्द्र रायमाझीको अध्यक्षता, अर्को उपाध्यक्ष विष्णु खनालको स्वागत, सचिव विष्णु घिमिरेको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# निष्ठाको राजनीतिक कायम राख्छौं: नेता भण्डारी



**पाल्पा,** भदौ १९/नेपाली काँग्रेसका केन्द्रीय सदस्य तथा प्रतिनिधि सभा सदस्य डा.चन्द्र भण्डारीले नेपाली काँग्रेस पाल्पाका पूर्व सभापति तथा प्रजातन्त्र सेनानी स्व.ठाकुर चन्द्र (विप्र) कोइरालाको निष्ठानको राजनीति कायम राख्ने बताएका छन् ।

बधुबार नेपाली काँग्रेस पाल्पाले स्व. कोइरालाको निवास तानसेन -६ बर्तुङ्गमा सातौं दिनको पूण्य तिथिमा आयोजना गरेको श्रद्धाञ्जली सभालाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् । नेता भण्डारीले पार्टी र लोकतान्त्रिक आन्दोलनमा स्व. कोइरालाले खेलेको भूमिकाको स्मरण गर्दै काँग्रेसले विप्रको निष्ठानको राजनीतिक कायम राख्ने उल्लेख गरे । स्व. कोइराला आफ्नो दृष्टिकोणबाट कहिले पनि विचलित नभएको नेताको रूपमा स्मरणीय रहेको भन्दै उनले अहिलेका नेताहरूले धेरै कुरा सिक्नुपर्ने बताए ।

*-बाँकी अन्तिम पेजमा*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## तिज : सद्भाव र संस्कृतिका रुपमा मनाऔं

आज तिजको पहिलो दिन दर खाएर मनाईंदै छ । माइतीले आफ्ना चेलीहरूलाई बोलाएर विभिन्न मीठा(मीठा परिकार खुवाएर यस दिनलाई रमाइलोसँग मनाउने गर्छन् । विशेष गरी विवाह गरेर गएका छोरीचेलीहरू माइतीघरमा आएर खिर, घिउ, दूध, दही, मिठाई, फलफूलगायतका परिकारलाई दरको रूपमा खाने गर्छन् । तिजका गीतहरु घर(घरमा घन्काएर महिलाहरुले रमाईलो मनाईरहेका छन् । तर पछिल्लो समयमा आएर महिनौं अगाडिदेखि दिदीबहिनीहरू जम्मा भएर दर खाने संस्कृति बद्दै गएको छ । तिजको आफ्नै मौलिकता छ । त्यो मौलिकतालाई चटक्कै विर्सिएर महिना दिन अघिदेखि पाटी, प्यालेसहरुमा गएर तिज मनाउनु राम्रो हैन ।

तिज हिन्दु महिलाका लागि सुखदुःख साट्ने, मीठो खाने, राम्रो लगाउने, माइती तथा आफन्त भेट्ने पर्व हो । खाने, लगाउने र जमघटसँगै नाचगान गरेर रमाइलो गर्ने रमणीय पर्वका रुपमा तिजलाई लिने गरिन्छ । गीतमार्फत अवस्था, परिवेश, सुख, दुःख, स्वतन्त्रता, अधिकार र सशक्तीकरणको कुरा बाहिर ल्याउने यो महिलाहरुका लागि यो ठूलो अवसर पनि हो । तर हिजो आज यो पर्वको शैली र प्रकृतिमा समयसँगसँगै केही पृथकता देखिन थालेको छ । पर्वको नाममा जथाभावी फड्किलो बन्दै जानु भने दुखद् हो । तिजका पुराना लोकभाका र सन्देश आधुनिकतासँगै हराएका छन् । तिजमा आएको विकृति र भड्किलो फेसनले 'हुँदाखाने' महिलाहरुले तिज मनाउन नसकिरहेको स्थिति छ । यो प्रचलन गलत हो । तिज सद्भाव र संस्कृति झल्कने पर्वका रुपमा लिनुपर्छ । तर त्यसो हुन सकिरहेको छैन ।

संस्कृति परम्परित हुन्छ । तर, अपरिवर्तित हुँदैन । समयसमेक्ष रुपमा संस्कृति परिवर्तन हुँदै जाने कुरालाई अन्यथा लिनु हुँदैन तर परिवर्तित संस्कृतिको नाममा विकृति फैल्याउनु राम्रो हैन । तिज पर्व ठूला(ठूला फाइभ स्टार होटल र रेस्टुराँहरुमा मनाउनाले यसको महत्व घटिरहेको छ । रक्सी, वियर र मासुभातले तिज मनाउँदा हाम्रो मौलिक संस्कृति लोप भइरहेको छ । विभिन्न संघ संस्था र राजनीतिक दलले आफ्नै रङ्ग दिई तिज पर्व मनाउँदा यस पर्वमा राजनीति हाबी हुन थालेको पाइएको छ । हिजोका गीतहरुमा नारी वेदनाका गीत हुन्थ्यो । आजका गीतहरुमा भड्किलोपन देखिन थालेको पाइन्छ । यसले हरितालिका तिजको शोभा हराउँदै गएको भान हुन्छ । तिज पौराणिक महत्वको पर्व भए पनि यसको आफ्नै सांस्कृतिक र सामाजिक महत्व रहेको छ र रहिरहनुपर्छ । यसका लागि नारीहरुले आधुनिकताको नाममा विभिन्न विकृतिजन्य कार्यहरु गर्नुहुँदैन । यसर्थ तिजलाई सद्भाव र संस्कृतिका रुपमा मनाऔं । सम्पूर्णमा हरितालिका तिजको शुभकामना !

## Opinion @ Social Network

संसारको सबै भन्दा राम्रो बिरूवा भनेकै विश्वास हो,
जो जमीनमा होईन मनमा उम्रर्ने गर्छ !!

*(पदम आलेकोफेसबुक स्टाटसबाट https://www.facebook.com/ale.padam)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# मौलिक तिजबाटै बुलन्द गरौं महिलाका आवाज र अधिकार



अमृता नेपाल

विशेषत: नेपाली हिन्दु महिलाले मनाउने हरितालिका तिज नजिकिँदै छ । यतिखेर सहर-बजारका होटल, रेस्टुराँ, पार्टी प्यालेस राता पहिरनले सजिएका महिला दिदी-बहिनीको जमघट र भेलाले भरिभराउ हुन थालेका छन् । विभिन्न समूह, संघ-संस्था, पार्टीसँगै सरकार र साथीभाइहरूको समेत आयोजनामा यस्ता कार्यक्रम हुने गरेको पाइन्छ ।

यससँगै खर्चिलो, तडकभडक उत्ताउलो र छाडापन पनि त्यत्तिकै मात्रामा देखिन्छ । तिजगीतका नाममा छाडा अनि एकै परिवारले सँगै बसी सुन्न नसकिने खालका गीत प्रशस्तै सार्वजनिक भइरहेका छन् । सामाजिक सञ्जालमा दरखाने नाममा मध्यपान सेवन गरी लाएका साडी टाउकोमा पुग्ने गरी नाचेका भिडियो देख्न सकिन्छ । तिज एक पर्व हो, यसको महत्त्व आफ्नै ठाउँमा छ । धार्मिक, सामाजिक संस्कृति महत्त्व बोकेको तिज पर्वलाई समृद्ध परिमार्जित र परिष्कृत गर्दै छौँ वा विकृति पूर्ण बनाउँदै छौँ ? यसबारे विचार गर्नुपर्ने अवस्था सिर्जना भएको छ । कार्यक्रममै पिच्छे सारी र गहना फेर्दै जमघट हुनुले महिलालाई के सन्देश दिन्छ ? के सिकाउँछ ? कता जाँदै छौँ ? यो विकृतिको कुनै एक रूप त होइन ? अनि सामान्य महिलाको दिमागमा यस्ता खाले क्रियाकलापले कस्तो असर गर्ला ? हामीले कस्तो समाजको कल्पना गरेका हौँ र के निर्माण गर्न खोज्दै छौँ ? अहिले पनि बिहान-बेलुका छाक कसरी टारुँ भन्ने अवस्थाका महिला दिदी-बहिनी छन् । सक्षम नागरिक बनाउन सकेका छैनौँ । रातो साडीमा सजिनेबित्तिकै अधिकार सम्पन्न भएको भन्ने बुझ्न सकिँदैन । सबै महिला आत्मनिर्भर हुन सकेका छैनन्, घरेलु हिंसाबाट दिनानु दिन पीडित बनिरहेका छन् । राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारका लागि महिलाले अहिले पनि सशक्त आवाज उठाउन आवश्यक छ ।

*यससँगै खर्चिलो, तडकभडक उत्ताउलो र छाडापन पनि त्यत्तिकै मात्रामा देखिन्छ । तिजगीतका नाममा छाडा अनि एकै परिवारले सँगै बसी सुन्न नसकिने खालका गीत प्रशस्तै सार्वजनिक भइरहेका छन् । सामाजिक सञ्जालमा दरखाने नाममा मध्यपान सेवन गरी लाएका साडी टाउकोमा पुग्ने गरी नाचेका भिडियो देख्न सकिन्छ । तिज एक पर्व हो, यसको महत्त्व आफ्नै ठाउँमा छ । धार्मिक, सामाजिक संस्कृति महत्त्व बोकेको तिज पर्वलाई समृद्ध परिमार्जित र परिष्कृत गर्दै छौँ वा विकृति पूर्ण बनाउँदै छौँ ? यसबारे विचार गर्नुपर्ने अवस्था सिर्जना भएको छ । कार्यक्रममै पिच्छे सारी र गहना फेर्दै जमघट हुनुले महिलालाई के सन्देश दिन्छ ? के सिकाउँछ ? कता जाँदै छौँ ? यो विकृतिको कुनै एक रूप त होइन ? अनि सामान्य महिलाको दिमागमा यस्ता खाले क्रियाकलापले कस्तो असर गर्ला ? हामीले कस्तो समाजको कल्पना गरेका हौँ र के निर्माण गर्न खोज्दै छौँ ? अहिले पनि बिहान-बेलुका छाक कसरी टारुँ भन्ने अवस्थाका महिला दिदी-बहिनी छन् । सक्षम नागरिक बनाउन सकेका छैनौँ ।*

आफूलाई सचेत सक्षम र बौद्धिक जगत् सोच्ने समुदायले नै तिजको धज्जी उडाइरहेका छन्, दर खाने र तिज मनाउने भन्दै महिनौँ यस्ता कार्यक्रम गर्नुले राम्रो सन्देश समाजलाई छाड्न सकेको छैन । जुन दिन तिज पर्व हो, त्यस दिनै मनाउँदा यसको महत्त्व पुष्टि हुन्छ । अर्थ र सन्देशविहीन पर्व मनाइले समाजलाई कुनै सन्देश दिँदैन । यसले घर-परिवार, समाजलाई सहज होइन, विकृत बनाउँदै लगेको छ । हिजो न महिला स्वतन्त्र थिए, न त कुनै अधिकार थियोह न बोल्न सक्थे, न त बोल्नका लागि आजजस्तो कानुनी अधिकार नै थियो । महिलाहरू हिजो दोस्रो दर्जाको नागरिकका रूपमा रही अन्याय र अत्याचारको सिकार बनिरहेका थिए । त्यो समयमा हिन्दु धर्म-संस्कृति अपनाउने नेपाली महिलाले तिज पर्व मनाउन पाउनु नै गर्वको विषय थियो । तिजमा विवाहिताहरुले माइती घर गई दु:खसुख साट्न गीत गाउने र मिठो-मसिनो खाने परम्परा थियो । सामाजिक रूपमा यस पर्वको महत्त्व धेरै छ । योसँग धार्मिक आस्था, अनुष्ठान र कथा पनि जोडिएका छन् । कथा अनुसार, हिमालयले आफ्नी छोरी पार्वती विष्णुलाई दिने वचन दिए । पार्वतीलाई त्यो कुरा मन परेन र उनले घरबाट भागी कठोर निराहार तपस्या गरिन् । त्यसपछि उनको विवाह शिवसँग हुन पुग्यो । यसै आधारमा हरितालिका तिज मनाउँदै आएको पाइन्छ । जुन बेला यसको सुरुवात भयो, त्यति बेला न यातायातको सुविधा थियो, न त आजजस्तो सञ्चार क्षेत्र र इन्टरनेट तथा प्रविधिको विकास भएको थियो । त्यतिबेला तिज पर्व माइती र चेली जोड्ने पुल जस्तै थियो । पर रहेकी चेलीलाई लिन जाने चलन थियो । चेलीले गीत मार्फत आफ्ना दु:खपीडा व्यक्त गर्थे । अहिले प्रविधिको विकासले विश्व नै एउटा सानो गाउँजस्तो बनेको छ । संसारभरिका खबर सेकेन्डमा सबैले थाहा पाउन सकिन्छ । विज्ञानले धेरै कुराको विकास गरिसकेको छ । पहिला महिनौँ हिँडेर दिदी-बहिनी लिन जानुपर्ने अवस्था छैन । एक कल फोनका भरमा सबै जम्मा भेला हुन सक्ने बेला छ । मिठो खान र राम्रो लगाउन चाडपर्व नै कुर्नुपर्ने छैन । यातायातको सुविधा छ । समय परिवर्तन भएको छ । यति बेला श्रीमानको दीर्घायुका लागि बसिने व्रतमा पनि वैज्ञानिक आधारमा प्रश्न उठ्न थालेका छन् । निराहार व्रतले न श्रीमानको दीर्घायु हुन्छ, न कल्पना गरिएको शिवजस्तो पति पाउन सकिन्छ । यो त हिन्दु पितृसत्ता सोचबाट निर्माण गरिएको महिलालाई बाँध्ने एउटा अस्त्र मात्र हो । कतिपयले यस पर्वलाई प्रेमको प्रतीकको दिन पनि भन्ने गर्छन् ।

पौराणिक कथालाई हेर्दा प्रेम पनि एकलजस्तो नै देखिन्छ । किनभने शिव पति पाउनका लागि संघर्ष पार्वतीले मात्र गरेकी छिन् । शिव त्यस कठोर तपस्यामा सहभागी छैनन् । पुरुषका लागि महिलाले मात्र सबै कार्य गर्नुपर्ने, अनि महिलाका लागि पुरुषले केही गर्नुनपर्ने वा नहुनेजस्ता अर्थ दिन खोजेको छ यस कथाले । जन्म र मृत्यु विज्ञानको नियम हो । यसको निराहार व्रतसँग कुनै सम्बन्ध छैन । समय फेरिएको छ । हिजो दोस्रो दर्जाका रूपमा हेरिने महिला आज यो समाजको नेतृत्व गरिरहेका छन् । नेपालको संविधानले लिंगका आधारमा गरिने विभेदको अन्त्य गरेको छ । सबै नेपाली महिला सक्षम, योग्य, आत्मनिर्भर स्वतन्त्र बन्नुपर्छ भन्ने मर्म संविधानले बोकेको छह ३३ प्रतिशत महिलाको प्रतिनिधित्व ग्यारेन्टी गरेको छ । संविधानले बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक रूपमा अधिकार प्रत्यायोजन गरेको छ ।

यो तिज पर्वलाई आफ्नो मौलिकता अनुसार मनाई पारिवारिक तथा सामाजिक सद्भाव कायम रहनेजस्ता कुरा पनि स्थापित गर्न आवश्यक छ । यस पर्वमा पाइने सकारात्मक कुरालाई समाजमा स्थापित गराउँदै लैजाने र विकृति वा नकारात्मक पक्षलाई विस्थापित गर्दै जानु आजको नेपाली समाजको आवश्यकता बनेको छ । जनसंख्याका आधारमा समानुपातिक प्रतिनिधित्वको विषय उठिरहेको छ । तीन तहको सरकारको संरचना छ । आफूलाई बौद्धिक ठान्ने महिलाले अब तिज विशेष र दरविशेष भन्दै भेला हुनुभन्दा पनि महिलालाई संविधानको मर्म अनुसार आत्मनिर्भर बनाउने योजनासहित भेला होऔँ । पर्वका नाममा रेस्टुराँ, होटल र पार्टी प्यालेसमा खर्च गर्नुभन्दा त्यो खर्च सीपमूलक कार्यमा लगानी गरौँ । एक महिला सीप सिकेर सक्षम र आत्मनिर्भर भइन् भने टोललाई आत्मनिर्भर बनाउन सक्छिन् । एक टोल आत्मनिर्भर भयो भने समाज र राष्ट्र नै आत्मनिर्भर हुन सक्छ । त्यसैले सुन्दर र सभ्य समाजको परिकल्पना पूरा गर्न तिज पर्वलाई सरल वैज्ञानिक, सन्देशमूलक बनाउन जोड गरौँ । विभिन्न समूह, संघ-संस्था सरकारले पनि तिजको कार्यक्रम तिजकै दिन गरौँ । तिजको दिन भेला हुने ठाउँमा महिलालाई सन्देशमूलक र सचेतनामूलक कार्य गरौँ । तिजका नाममा हुने विकृतिको अन्त्य गरौँ । तिजलाई परिमार्जित, परिष्कृत बनाउँ, समृद्ध सुन्दर समाजको निर्माण गरौँ ।

***(लेखक नेपाल बागमती प्रदेशसभा सदस्य समेत हुन् ।)***

***-रातोपाटि डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : परीक्षा सामान्य नै समय छ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ । | **तुला** : रोकिएका काम पुन: सुरु हुन सक्छन् । घरायसी समस्या बढ्नेछ । |
| **बृष** : विद्या प्राप्तिको लागि संघर्ष गर्नु पर्ला । घरायसी काममा खट्नु पर्नेछ । | **बृश्चिक** : बुद्धिको विकास हुनेछ । वैदेशिक कार्यबाट लाभ मिल्नेछ । |
| **मिथुन** : रमाइलो तरिकाले समय बित्नेछ। दिन फलदायी रहनेछ । | **धनु** : पारिवारिक जमघटमा सहभागी भइएला । दैनिक कार्यमा प्रगति हुनेछ । |
| **कर्कट** : मनपर्ने खानाको परिकार खान पाइनेछ । समाजसेवामा मन लाग्नेछ । | **मकर** : प्रेमप्रसङ्गमा नरमाइलोपन आउनेछ । सहकर्मीबाट विरोध आउला। |
| **सिंह** : शुभकार्यको चर्चा चल्नेछ । सफलताले मन प्रसन्न रहनेछ । | **कुम्भ** : आकस्मिक नयाँ कार्यको योजना बन्नेछ । सन्तान सुख पनि मिल्नेछ । |
| **कन्या** : मानसिक चिन्तन बढ्ने छ । केही तनाव बढेको महसुस हुनेछ । | **मीन** : नयाँ काम सुरु गर्ने र उमंग बढ्नेछ । कारोबारमा सफलता पाइएला। |




कश्यपको कथा ● ● कमल रिजाल

# दिव्य आभूषण




एकादेशमा एक जना व्यापारी थिए । व्यापारको शिलशिलामा विभिन्न स्थानमा जान्थे, नानाभाँतीका चलाखी गरी ठगी धन्दा चलाउँथे । छलकपट र धुर्त्याइँमा मानौँ विद्यावारिधि नै गरेका थिए । जस्तै मै हुँ भन्नेहरूलाई समेत कुनसट्को ठगीको जालमा फसाइसकेका हुन्थे पत्तै हुँदैनथ्यो । यसैक्रममा एक दिन एउटा देशका राजदरबारमा पुगे । राजा जति सरल थिए त्यति नै धार्मिक प्रकृतिका पनि । उनलाई देख्ने बित्तिकै व्यापारीले ठानिहाले यिनलाई ठग्न आइतवार कुर्नुपर्दैन । त्यसैले एउटा आभूषण दिँदै भने- ‘लिनुस् महाराज’ सेवकको तर्फबाट सानो उपहार ।! आभूषण निकै सुन्दर थियो । राजाले यस अघि देखेकै थिएनन् । यस्तो सुन्दर उपहार दिने पक्कै ठूलै मानिस हुनुपर्छ भन्ने ठानी व्यापारीको प्रशंसा गर्दै भने- ‘महाशय ’ तपाईको बोली र व्यवहार जति सुन्दर छ आभूषण पनि त्यस्तै रहेछ । भन्नुस् यस्तो अद्भूत आभूषण कहाँ पाउनुभो । जतिमा खरीद गर्नुभएको छ त्यसको डबल मूल्य पाउनुहुनेछ ।! ‘यो त मेरो सौभाग्य हो ।! व्यापारीले चलाखीपूर्वक भने- ‘महाराज ’ पहिलो कुरा त यही निवेदन गर्छु कि अधिक प्रशंसा गरी लज्जित नगराउनुहोस् । दोस्रो कुरा यसलाई खरीद गरेको नभई आफैँले उत्पादन गरेको हुँ । तेस्रो कुरा कुनै मूल्य लिने उद्देश्यले दिएको होइन । तुच्छ व्यापारीको उपहार ठानेर स्वीकार्नु भए अहोभाग्य ठान्नेछु ।! व्यापारीको कुरा सुनेर थप खुसी भएका राजाले प्रशन्नता व्यक्त गर्दै भने- ‘ठीकै छ तपाईँको चाहना नै त्यस्तै छ भने भन्नु केही छैन तर यो त बताउनुस् कि यस्तो सुन्दर आभूषण कसरी उत्पादन गर्नुभो ?! ‘अवश्य महाराज ’! व्यापारीले मुख मिठ्याउँदै भने- ‘आफ्नै घरमा स-सानो कारखाना खोलेको छु, जहाँ यस्तैयस्तै आभूषण उत्पादन हुने गर्छन् ।! ‘कारखाना चलाउन अप्ठ्यारो त छैन नि ?! ‘छैन सरकार ’ तर ....।! ‘तर ?! राजाले बीचैमा रोक्दै भने-‘भन्नुस् न के सहयोग चाहिन्छ ।! ‘यसैका लागि त चाहिन्न ।! व्यापारीले अनकनाएजस्तो गर्दै भने- ‘चाँडै नै यस्तो आभूषण बनाउने विचारमा छु, जसलाई अहिलेसम्म देवीदेवता बाहेक अरूले प्रयोग गर्न पाएका छैनन् ।! ‘यो त खुसीको कुरा ।! ‘त्यो त हो तर ठूलै धन राशि आवश्यक पर्ने भएकाले आँट गर्न सकिन ।! ‘कति लाग्छ र ?! ‘सुरू गर्नैं दश हजार जति असर्फी चाहिन्छ ।! ‘त्यति रकम दरवारबाट पाउनुहुनेछ । यस निम्ति प्रगति विवरण भने बुझाउँदै जानुपर्ने हुन्छ ।! ‘आभारी छु सरकार’ सहयोगका लागि ।! यति भनी उनी रकम लिएर गए तर प्रगति विवरण बुझाउन आएननन् । लामो समयसम्म व्यापारी नआएपछि राजा आफैँले गएर हेरे । बल्ल थाहा पाए त्यस्तो केही कामै भएको छैन । केही कालीगढ काम गरेको जस्तो त देखिन्थे तर उत्पादन भने सून्य । त्यसपछि राजाले व्यापारीलाई बोलाउन पठाई हालखबर जान्न चाहे । व्यापारी यस्तै मौकाको प्रतीक्षामा थिए । राजाको अगाडि स्वर्णथाली प्रस्तुत गर्दै भने- ‘लौ हेर्नुस् महराज’ मेरो कारखानाको उत्पादन । ढकनी खोल्नासाथ यस्ता दिव्य आभूषण देख्नुहुन्छ, जसलाई पापीहरूले दर्शनै पाउँदैनन् ।! राजाले रेशमी बस्त्रको घुम्टो उठाएर हेरे, जहाँ केही पनि थिएन । अब उनलाई फसाद पऱ्यो । देखिन भनौँ भने उसको नजरमा पापी ठहरिनुपर्ने भयो । देखेँ भनौँ भने केही पनि थिएन । तैपनि धैर्य भने छाडेनन् र कुरा बनाउँदै भने-‘अहा’ क्या राम्रो आभूषण रहेछ । यस्ता आभूषण त सबैलाई देखाउनुपर्छ ।! व्यापारीले हस महाराज ’ भन्दै दरवारिया सबैलाई देखाए । सबैको अवस्था त्यस्तै भयो । पापी ठहरिनुभन्दा देखेँ भन्नु नै उत्तम ठानी क्या सुन्दर आभूषण भनेर प्रशंसा गरे । अव राजालाई आफू ठगिएमा शङ्का थिएन । त्यसैले मन्त्रीलाई बोलाएर सत्यतथ्य पत्ता लगाउने आदेश दिए । मन्त्रीले अनेक प्रयास गर्दा पनि कुनै उपाय नलागेपछि उही चिरपरिचित चतुरे ( चतुर्भुज शर्मा) समक्ष गएर सहयोग मागे । चतुरेले मन्त्रीको कुरा ध्यानपूर्वक सुनेपछि कानमा खुसुक्क केही भनेर पठाए । मन्त्रीको आग्रह अनुसार राजाले भोलिपल्टै राजसभा बोलाई व्यापारीलाई आफ्ना दिव्य आभूषण प्रदर्शन गर्न लगाए । राजाज्ञा पाउनासाथ व्यापारीले पहिले जस्तै परिबन्द मिलाउँदै भने- ‘लौ हेर्नुस् मेरा दिव्य आभूषणहरू यसै थालीमा छन् तर याद राख्नुहोला पापीहरूले चाहिँ देख्ने छैनन् ।! सबैले एकएक गरी हेर्दै गए । देखेँ सुन्दर रहेछ भनेर प्रशंसा गरे । अन्त्यमा मन्त्रीको पालो आयो । उनले पनि देखेजस्तो गर्दै भने- ‘ओ हो कति सुन्दर आभूषण रहेछ । यस्तो आभूषण लगाएर देखाइदिनु भए अझ सुन्दर हुने थियो ।! सबैले उनको स्वरमा स्वर मिलाए । त्यसपछि राजाले व्यापारीतर्फ हेर्दै भने- ‘हो, उहाँहरू सही भन्दै हुनुहुन्छ । यस्तो आभूषण लगाएर देखाउनु राम्रो हुन्छ । आशा छ व्यापारी महोमदय आफैँले लगाएर देखाउनुहुनेछ ।! अब व्यापारी धर्मसङ्कटमा परे । आभूषण लगाएर देखाउँ भने छदै थिएन । नदेखाउँ राजाज्ञाको कुरा थियो । उनले उम्कने निकै प्रयास गरे तर कुनै उपाय सुझेन र आत्मसमर्पण गर्दै आफैँले झुटको पर्दा उघारे । त्यसपछि राजाले व्यापारीको सर्वस्व हरण गरी राज्यकोषमा जम्मा गर्न लगाई आजीवन कठोर काराबासको सजाय सुनाए भने चतुरेलाई उचित पुरस्कार दिएर विदा गरे । यसरी दुनियाँलाई ठग्छु भन्दा व्यापारीले आफैँ ठगिनुमात्र परेन आजीवन काराबासमा बसी पश्चात्ताप गर्नुपर्ने अवस्था आयो । भनिन्छ, जस्तो करणी त्यस्तै भरणी । व्यापारीलाई पनि त्यस्तै भयो । ***-रातोपाटी डटकम***

> *राजाज्ञा पाउनासाथ व्यापारीले पहिले जस्तै परिबन्द मिलाउँदै भने- ‘लौ हेर्नुस् मेरा दिव्य आभूषणहरू यसै थालीमा छन् तर याद राख्नुहोला पापीहरूले चाहिँ देख्ने छैनन् ।! सबैले एकएक गरी हेर्दै गए । देखेँ सुन्दर रहेछ भनेर प्रशंसा गरे । अन्त्यमा मन्त्रीको पालो आयो । उनले पनि देखेजस्तो गर्दै भने- ‘ओ हो कति सुन्दर आभूषण रहेछ । यस्तो आभूषण लगाएर देखाइदिनु भए अझ सुन्दर हुने थियो ।! सबैले उनको स्वरमा स्वर मिलाए । त्यसपछि राजाले व्यापारीतर्फ हेर्दै भने- ‘हो, उहाँहरू सही भन्दै हुनुहुन्छ । यस्तो आभूषण लगाएर देखाउनु राम्रो हुन्छ । आशा छ व्यापारी महोमदय आफैँले लगाएर देखाउनुहुनेछ ।! अब व्यापारी धर्मसङ्कटमा परे । आभूषण लगाएर देखाउँ भने छदै थिएन ।*

निवन्ध ● ● डा.सीता सुवेदी पन्थी

# सांस्कृतिक पर्व तीजको वर्तमान अवस्थ

परापूर्व कालदेखि हिन्दू महिलाहरूले उत्साहपूर्वक मनाउँदै आएको चाड हो - तीज । तीज भाद्र शुक्ल द्वितीयादेखि पञ्चमीसम्म चार दिन मनाइन्छ । हाम्रा हरेक पर्वको आफ्नै धार्मिक, सांस्कृतिक तथा सामाजिक महत्त्व रहेको छ । तीज हाम्रो मौलिक संस्कृति मात्र नभएर सभ्यता पनि भएकाले यसको आफ्नै महत्व छ । तीजका सम्बन्धमा हिमालय पुत्री पार्वतीले शिवलाई पति पाऊँ भनी कठोर तपस्या गरेको धार्मिक कथन रहेको छ । पार्वतीले एकाग्रतापूर्वक गरेको तपस्याबाट शिवजी प्रसन्न भई चिताएको कुरा पुगोस् भनी आशीर्वाद दिएको र पार्वतीले शिवलाई पतिका रूपमा प्राप्त गर्न सफल भएको धार्मिक विश्वास रहेको छ । यस प्रसङ्गले कुनै पनि कार्यमा सफलता प्राप्त गर्न दृढ सङ्कल्प, एकाग्रता तथा धैर्यपूर्वक गरिएको निरन्तर साधनाको आवश्यकता पर्छ भन्ने सङ्केत गर्दछ । भाद्र शुक्ल द्वितीयाका दिन शुद्ध र अडिलो हुने खानेकुरा दरका रूपमा ग्रहण गरिन्छ । तीजका दिन पूजाआजामा सहभागी हुने, दुःखसुख साटासाट गर्दै नाचगान गरी मनोरञ्जन गर्ने भएकाले अघिल्लो दिन दरका रूपमा विशेष गरी दूधबाट बनेका खानेकुरा (ठाउँअनुसार फरक फरक) खाने चलन चलेको पाइन्छ । यस दिन विवाह गरेर गएका चेलीबेटीहरूलाई माइतमा बोलाएर दर खुवाउने गरिन्छ । छोरीचेलीहरू आफनौ जन्मघरमा जान पाउने, स्वतन्त्रतापूर्वक रमाइलो गर्न पाउने, कामको बोझ र थकानबाट मुक्त रहने हुँदा यस चाडलाई नारी स्वतन्त्रतासँग पनि जोडेर हेर्ने गरेको पाइन्छ । यस पर्वको धार्मिक, सांस्कृतिक महत्व त छँदैछ, यसलाई आमाबुवा, दाजुभाइ, दिदीबहिनीका साथै बाल्यकालीन साथीहरूसँग भेटघाट गर्ने, दुःखसुख साटासाट गर्ने महत्वपूर्ण अवसरका साथै पारिवारिक, सामाजिक सद्भाव बढाउने पर्वका रूपमा पनि लिइन्छ ।

तृतीयाका दिन विवाहित हिन्दू नारीहरू भगवान् शिवको पूजा, आराधना गरी विशेषतः पतिको दीर्घायु, आरोग्य, ऐश्वर्य, सुस्वास्थ्य तथा अटल सौभाग्यको कामना गरी व्रत बस्ने प्रचलन छ । अविवाहित नारीहरू भने असल पति पाऊँ भनी व्रत बस्ने गरेको पाइन्छ । यो दिन हरितालिका तीजका नामले प्रसिद्ध छ । त्यसै गरी गणेशको जन्म भएको दिनका रूपका गणेश चतुर्थी मनाइन्छ । पञ्चमी तिथिमा सप्तऋषिको पूजा गरी तीज पर्व समापन हुन्छ । तीज पर्वका चारै दिनको छुट्टाछुट्टै विशेषता र महत्व रहेको पाइन्छ । धार्मिक, सांस्कृतिक, आध्यात्मिक महत्वका साथै वैज्ञानिक दृष्टिले पनि यस चाडको महत्व पुष्टि गर्न सकिने पर्याप्त आधार छन् । जस्तै : ऋषिपञ्चमीमा दतिवन चपाउने, त्यसले दाँत माझ्ने, स्नान गरिसकेपछि दूध, घिउ, दही, दुबो, कुश, गोबर मिसाएर तामाको भाँडोमा राखिएको दुई थोपा सेवन गर्ने प्रचलन छ । औषधीय गुणयुक्त रोगनाशक जडीबुटी तथा पदार्थको सेवन गर्नु स्वास्थ्यका दृष्टिले निकै महत्वपूर्ण मानिन्छ । स्वस्थ र शुद्ध खानपान, योग, ध्यान, साधना, उपवास, मनोरञ्जन जस्ता विषयहरू शारीरिक तथा मानसिक स्वास्थ्यका दृष्टिले महत्वपूर्ण छन् । वैज्ञानिक दृष्टिले विश्लेषण गर्ने हो भने ऋषिपञ्चमी व्रतविधिसँग जोडिएका कतिपय सन्दर्भहरू प्रजनन स्वास्थ्यसँग सम्बन्धित पनि छन् । यसरी परम्परागत रूपमा अवलम्बन गरिदै आएका तीजसँग सम्बन्धित कतिपय प्रचलनहरू वैज्ञानिक दृष्टिले निकै महत्वपूर्ण रहेको तथ्य प्राप्त गर्न सकिन्छ । हाम्रा मौलिक संस्कृतिमा भएका ग्रहणयोग्य विषयहरूको संरक्षण र अवलम्बन गर्नु तथा अन्धविश्वासयुक्त कुराहरू परिमार्जन गरी समयसापेक्ष बनाउँदै जानु आजको आवश्यकता हो । केही समय यता धार्मिक, सांस्कृतिक पर्वका रूपमा मानिदै आएको तीजका नाममा निकै विकृतिहरू देखिन थालेका छन् । लामो समयसम्म भेटघाट नभएका दिदीबहिनीहरू माइतीमा भेला भएर माइती, साथीभाइसँग सुखदुःख साटासाट गरी पुनर्मिलनको उत्सवका रूपमा मनाउनुपर्ने पर्व अहिले आएर होटल, रेस्टुरेन्ट, बार, पार्टी प्यालेसमा महँगा लुगा र गरगहना प्रदर्शन गरी छाडा किसिमका गीत र उच्छृङ्खल नृत्य प्रदर्शनसम्म पुग्नु निकै दुखदायी विषय हो । महिनौं अगाडिदेखि दर खाने, दरका नाममा स्वास्थ्यमा प्रतिकूल असर गर्ने अभक्ष्य भोजनका साथमा रक्सी, बियर आदिको सेवन गर्ने प्रचलनले दरको संस्कृति विकृति बनेर अगाडि बढेको देखिन्छ । यसले हाम्रो धर्म, संस्कृति, संस्कार र सामाजिक अवस्थालाई कता लैजाँदै छ भन्ने विषयमा सोच्नुपर्ने बनाएको छ । तीजको भड्किलो दर कार्यक्रम तथा तीजका नाममा गरगहना र लुगाफाटोमा गर्ने फजुल खर्चलाई उत्पादनमुखी बनाउनेतर्फ चेतना जागृत गराउनुपर्ने समय आएको छ । महिलाहरूको पर्वका रूपमा मनाउँदै आएको तीज पर्वमा महिलाहरूबाटै महिनौं अगाडिदेखि दर खाने, महँगा गरगहना र लुगाफाटोले भड्किलो बनाउने, अनावश्यक खर्च गर्ने, श्रावण सुरु भएदेखि नै मेहन्दी, हरिया, पहेँला चुरा, लुगाफाटो आदिको प्रदर्शन गर्ने, सामूहिक रूपमा एकै रङका पोसाकहरू किन्ने, लगाउने र विभिन्न भड्किला कार्यक्रमहरू गर्ने, उच्छृङ्खल शब्दहरू संयोजन गरी संस्कृतिलाई नै विकृत बनाउने गीतहरू गाउने, छाडा नृत्य गरी सामाजिक सञ्जालमा राख्ने आदि आदि कार्यहरू भइरहेका छन् । हिजोआज तीजका नाममा देखिएका यस्ता उत्ताउला व्यवहार, छाडा प्रकृतिका गीत र नृत्यले समाजमा नकारात्मक प्रभाव परिरहेको देखिन्छ । नारी अस्मिता तथा सम्मानमाथि नै चोट पुग्ने कार्य केही नारीहरूबाटै गरिनुले समग्र नारीहरूको इज्जत बढेको छैन बरु समाजमा नकारात्मक टीकाटिप्पणी हुन थालेका छन् । यसरी संस्कृतिलाई स्वयम्ले विकृत बनाउन नहुने कुरामा नारी वर्ग सचेत रहनु जरूरी छ । नारी स्वतन्त्रता, अधिकार प्राप्ति र प्रयोगका सन्दर्भलाई यस्ता विकृत व्यवहारसँग जोडेर हेर्ने गरियो भने नारी अस्मितामाथि चोट लाग्ने, हिंसाका घटनाबाट प्रताडित हुनुपर्ने तथा दुर्घटित जीवन बिताउनु पर्ने अवस्था नआउला भन्न सकिंदैन । त्यसैले यस्ता विकृतिको अन्त्यका लागि महिला दिदीबहिनीहरू स्वयम् सचेत बन्नुपर्ने आवश्यकता छ । अस्वाभाविक गतिविधि भएर धिमा संलग्न हामी कसैको हाँसोको पात्र नबनौँ । अन्य चाडपर्व सम्बन्धित तिथिमितिमा मनाएर हुन्छ भने तीज महिनाभरि मनाउनुपर्छ भन्ने छैन । यसको धार्मिक, सांस्कृतिक महत्व नयाँ पुस्तामा हस्तान्तरण गर्न विद्यालयमा तथा अन्य संघसंस्थामा त्यससँग सम्बन्धित विचार गोष्ठी, प्रतियोगिता गराउने, पाठ्यवस्तुका सान्दर्भिकता अनुसार धार्मिक, सांस्कृतिक महत्वलाई समय सान्दर्भिक हुने गरी सिकाउने, सकारात्मक सन्देश र चेतना जागृत गराउने किसिमका गीत रचना तथा प्रचारप्रसार गर्ने, सिर्जनात्मक क्षमता बढाउने, अभिव्यक्ति क्षमता बढाउने उद्देश्यले विभिन्न कार्यक्रम गर्दा सान्दर्भिक हुन आउँछ ।

यस्तो गर्न सकेमा समाजमा विकृति होइन संस्कृतिको महिमा उच्च बनाउन मद्दत मिल्छ । हामी अपमानित होइन सम्मानित बन्न सकौं । जनमानसमा सबैभन्दा छिटो प्रभाव छोड्न सक्ने गीत, सङ्गीतलाई व्यक्ति तथा समाजको समृद्धिका लागि चेतना जागृत गराउने, समाजका विकृति हटाउने, समाजको सकारात्मक रूपान्तरणका लागि मार्गदर्शन गर्ने तथा सन्देशमूलक हुने गरी शब्दचयन, निर्माण, संयोजन तथा प्रचारप्रसार गरौं । सस्तो लोकप्रियता र मनोरञ्जनका नाममा विकृति फैलाउने कार्य बन्द गरौं । अन्त्यमा, यस वर्षको हरितालिका तीजका अवसरमा सबै किसिमका असमानता र विकृतिहरूको अन्त्य गरी सकारात्मक सोच र सद्भावको विकास गर्न सकियोस्, नारी अस्मिताको रक्षा गर्न सकियोस्, स्वतन्त्रता र अधिकारको सही रूपमा प्रयोग गर्न सकियोस्, संस्कृतिलाई गौरवमय बनाउन सकियोस् भन्ने शुभकामना व्यक्त गर्दछु । ***-साहित्यपोस्ट डटकम***

> *संस्कृतिलाई स्वयम्ले विकृत बनाउन नहुने कुरामा नारी वर्ग सचेत रहनु जरूरी छ । नारी स्वतन्त्रता, अधिकार प्राप्ति र प्रयोगका सन्दर्भलाई यस्ता विकृत व्यवहारसँग जोडेर हेर्ने गरियो भने नारी अस्मितामाथि चोट लाग्ने, हिंसाका घटनाबाट प्रताडित हुनुपर्ने तथा दुर्घटित जीवन बिताउनु पर्ने अवस्था नआउला भन्न सकिंदैन । त्यसैले यस्ता विकृतिको अन्त्यका लागि महिला दिदीबहिनीहरू स्वयम् सचेत बन्नुपर्ने आवश्यकता छ । अस्वाभाविक गतिविधि भएर धिमा संलग्न हामी कसैको हाँसोको पात्र नबनौँ । अन्य चाडपर्व सम्बन्धित तिथिमितिमा मनाएर हुन्छ भने तीज महिनाभरि मनाउनुपर्छ भन्ने छैन । यसको धार्मिक, सांस्कृतिक महत्व नयाँ पुस्तामा हस्तान्तरण गर्न विद्यालयमा तथा अन्य संघसंस्थामा त्यससँग सम्बन्धित विचार गोष्ठी, प्रतियोगिता गराउने, पाठ्यवस्तुका सान्दर्भिकता अनुसार धार्मिक, सांस्कृतिक महत्वलाई समय सान्दर्भिक हुने गरी आउँछ ।*

# आज मानव बेचबिखनविरुद्धको राष्ट्रिय दिवस



**पाल्पा,** भदौ १९/मानव बेचबिखनविरुद्धको राष्ट्रिय दिवस आज विभिन्न चेतनामुलक कार्यक्रमको आयोजना गरी मनाइदैछ । महिला बेचबिखन विरुद्ध अभियान सञ्चालन गरिरहेका सामाजिक संस्था र सरकारी तवरबाट बेचिएका चेलीबेटीको उद्दार, बेचबिखनबाट जोगाउन चाल्नुपर्ने कदम लगायतका विषयमा चेतनामुलक कार्यक्रम गरि मनाउँदै छन् ।

सार्कको ११ औं सम्मेलनवाट पारित वेश्याबृत्तिका लागि हुने महिला तथा बालबालिका बेचबिखन विरुद्धको सार्क महासन्धी २००२ लाई दोश्रो जनआन्दोलनवाट पुन: स्थापित संसदले २०६३ भदौ २० गते अनुमोदन गरेको थियो । सोही दिनको सम्भनामा २०६४ साल जेठ ११ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय अनुसार प्रत्येक बर्ष भदौ २० गते मानव बेचबिखन विरुद्धको राष्ट्रिय दिवस मनाउन सुरु गरिएको हो । मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्ने उद्देश्यका साथ २०६३ सालदेखि नेपालले सो दिवस मनाउन थालेको थियो । मानव बेचबिखन तथा ओसारपसार ऐन र नियमावली बनेको पनि उचित कार्यान्वयन नुहँदा महिला बेचबिखन विरुद्धको काम पूर्ण रुपमा सफल हुन सकेको छैन् । मानव बेचबिखन एउटा यस्तो अपराध हो जसले माहिला, बालबालिका र थुप्रै पुरुषहरुलाई समेत श्रम, यौन जस्ता गलत कार्यहरुमा जवर्जस्ती संलग्न गराउदछ ।

महिला वा बालिकालाई वेश्यावृत्तिमा लगाउने, यौनदासी बनाउने वा मनोरञ्जन उद्योगमा लगाउने जस्ता कार्यलाई मात्र मानव बेचविखन मान्ने परिभाषा निकै पुरानो भइसकेको छ । मानव बेचबिखनको प्रवृति फेरिँदै गएको छ । कुनै पनि व्यक्तिको इच्छाविपरीत धम्कीको प्रयोग, जबर्जस्ती तथा धोकाद्वारा कुनै प्रकारको शोषण, घरेलु काम, मानव अङ्ग झिक्ने, बेश्यावृति वा अन्य प्रकारका यौन शोषण गरिन्छ भने त्यो नै मानव बेचबिखन तथा ओसारपसार हो । संसार अहिले आधुनीकिकरणको युगमा छ, तरपनि अझ नेपालसहित विश्वका धेरै देशहरुमा मानव बेचबिखन तथा ओसारपसार विद्यमान छ ।

रोजगारीको अभाव तथा वैदेशिक रोजगार, गरिबी, शिक्षा र जनचेतनाको कमीको गलत फाइदा उठाउदै मानव बेचबिखन हुने गरेको छ । विशेषगरि गरिवीको फाइदा उठाउदै अपराधिक मानसिकता बोकेका व्यक्ति वा समुहले विभिन्न प्रलोभनमा पारेर मानव बेचबिखन र तस्करी गर्ने गरेको सामान्य उदाहरणहरु भेटिने गरेका छन् । मानव बेचविखन अन्त्य गर्न हरेक राष्ट्रको सरकारले गरिवी हटाउने कामलाई विशेष जोड दिने र रोजगारीको अवसर सिर्जना गर्ने नीति अपनाउनु पर्दछ ।

## खेलकुद समाचार

### एन्फा महिला लिगमा आर्मीको विजयी सुरुवात



**काठमाडौं,** भदौ १९/विभागीय टोली त्रिभुवन आर्मी फुटबल क्लबले एन्फा महिला लिगमा बुधबार संकटा क्लबलाई ४-० ले पराजित गरेको छ । विमला चौधरीको दुई गोलमा आर्मीले सहज जित निकालेको हो ।

सातोबाटोस्थित एन्फा कम्प्लेक्समा भएको खेलमा आर्मीले आर्मीलाई जित दिलाउन विमला चौधरीले २, सावित्री देवी मगर र अनिता लम्जेल १-१ गोल गरे। १९औं मिनेटमा सावित्रीले गोल गर्दै आर्मीलाई अग्रता दिलाएका थिए ।

दोस्रो हाफमन आर्मीले तीन गोल थप्यो । विमलाले खेलको ६१औं र ७१औं गोल गरे । ७६औं मिनेटमा अनिताले आर्मीको लागि चौथो गोल गरे । जितपछि आर्मीले ३ अंक जोडेको छ । बुधबारको खेलपछि पहिलो चरणमा पाँच खेल सकिएका छन् । पहिलो चरढमा आर्मीसहित कोशी प्रदेश र बागमती युथ क्लबले जित हात पारे । आज देखि लिगको दोस्रो चरणको खेल सुरु हुनेछ ।

बुधबार पहिलो खेलमा बागमती यसथ क्लब र कोशी प्रदेश तथा दोस्रो खेलमा वालिङ नगरपालिका र कर्णाली प्रदेशबीच प्रतिस्पर्धा हुनेछ । अखिल नेपाल फुटबल संघ (एन्फा) को आयोजना भईरहेको लिगमा १० टोलीको सहभागिता छ ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्सेमा गिरावट, कारोबार पनि घट्यो



**पाल्पा,** भदौ १९/नेप्सेमा गिरावट आएको छ । बुधबार नेप्से परिसूचक ९० दशमलव ७३ अंकले घटेर २ हजार ७ सय ३९ दशमलव ४६ अंकमा गिरावट आएको हो ।

अघिल्लो दिनको तुलनामा यो ३ दशमलव २० प्रतिशतले घटेको हो । अघिल्ला दुई कारोबार दिन लगातार बढेको नेप्सेमा बुधबार भारी गिरावट आएको हो । उक्त दिन कारोबारमा आएकामध्ये ३१ कम्पनीको सेयर मूल्य बढ्यो, २१३ वटाको घट्यो र बाँकी १ वटाको स्थिर रहयो । उक्त दिन १ लाख ३७ हजार १ सय ६३ वटा कारोबारबाट २ करोड ६५ लाख ८४ हजार १९२ कित्ता सेयर किनबेच भए । ती किनबेचमा १२ अर्ब ९२ करोड ५६ लाख रुपैयाँ बराबरको सेयर कारोबार भएको छ । अघिल्लो दिनको तुलनामा कारोबार रकम पनि घटेको हो । बुधबार कारोबारमा आएका १३ उपसमूहमध्ये सबैको परिसूचक घटेपछि समग्र नेप्सेमा भारी गिरावट आएको बताइएको छ ।

# तिनाउ खोलामा शव फेला



**पाल्पा,** भदौ १९/जिल्लाको माथागढी गाउँपालिका- ३ बेलटारीस्थित तिनाउ खोलामा एक पुरुषको शव फेला परेको छ । बुधबार तानसेन नगरपालिका-९ का ५६ वर्षीय मानबहादुर कुमालको शव फेला परेको हो ।

स्थानीयले शव देखेपछि प्रहरीलाई खबर गरेका थिए । खबर लगत्तै अस्थायी प्रहरी पोष्ट माडिफाँटबाट प्र.स.नि. र जिल्ला प्रहरी कार्यालय पाल्पाबाट प्र.नि.को कमाण्डमा खटिएको प्रहरी टोलीले प्रारम्भिक अनुसन्धान पश्चात शव पोष्टमार्टमको लागि जिल्ला अस्पताल पाल्पामा पठाइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक सुगन्ध श्रेष्ठले जानकारी दिए । घटनाको विषयको थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# भड्किलो तिज...

धानका गाभा हरियो बन्दै जान्थे । खोलानाला उर्लिरहेकै हुन्थे । त्यो बेला बहिनीलाई दर खुवाउने निम्तो लिएर माइतबाट दाइ टुप्लुक्क आइपुग्थे । तब कोसेलीपात बोकेर माइत गइन्थ्यो तर आजभोलि भने त्यस्तो छैन ।' माइतीमा दर खाँदै छमछमी नाचेको सम्झना उनलाई अझै ताज छ । घिउमा बेसारसहित चामल राखेर पकाएको चाम्रे, तिलको छोप राखेको अचार, मासुका परिकार उनको सम्झनामा छ । उनी सानो छँदा आमा र भाउजुहरूसँग तिजको अघिल्लो मध्यरात दर खाएको सम्झना गर्छिन् । आफूले छोरीहरूलाई उसरी नै दर खुवाउने गरेको खत्री बताउन्छिन् । उनी भन्छिन् 'हिजो आज भने एक महिना अघिदेखि नै दर खाने र सुनका गहनामा सजिएर हिड्छन् ।' उहिलेको तिज र अहिलेको तिजमा धेरै नै फरक आएको खत्रीको बुझाई छ । नयाँ पुस्ताले तिजलाई फड्किलो बनाएको तानसेन भगवती टोलकी ६५ वर्षीया रेनुका न्यौपानेको भनाई छ । उनी भन्छिन् 'उहिले उहिले त हुने खानेले मिठो मसिनो र नहुनेले आफुसँग जे छ त्यही मिठो बनाएर खाने गरिन्थ्यो, अहिले जस्तो महिनादिन अघिदेखि नै दर खाने चलन थिएन ।'

आज दर खाएर तिजको पहिलो दिन मनाइँदै छ । समयमा बिवाहित नारीहरु माईती घर जाने आमाले पकाएको दर खाने र माईतीको आगनमा तिजका गीतहरु गाएर नाचगान गरेर यो पर्वलाई हर्ष उत्साहका साथ मनाउने गर्दछन् । सबै नेपालीहरुले धुमधामका साथ मनाउने पर्वमा खाने दरका परिकारमा भने बिस्तारै परिर्वतन आएको छ । केही समय पहिलेसम्म तिजको बेलामा खाने दरका परिकार र पछिल्ला वर्षहरुमा खाने तिजको दरमा फरकपन देखिएको छ । तिजको दर भन्न बितिकै घिउँमा पकाएको खाजा, खिर, बटुका भरी दुध, घिउ, दही, तामाको अचार, आलु, बोडी सिमीको तरकारी सम्झना आउथ्यो । माइतिको आगनमा जम्मा भएर दर खाने चलन थियो तर अहिले त दर भन्न बित्तिकै मासु भातमा सिमित हुन थालेको छ । धेरै ठाउँमा दर खाने कार्यक्रमहरु आयोजना हुन्छन् । प्राय: ठाउँमा दिदी बैनिहरु जम्मा हुने ठूला ठूला होटलहरुमा दर खाने कार्यक्रमको आयोजना गर्ने, मासु भात खाने अनि स्पिकर बजाएर नाच्ने चलनले कतै तिज पर्वको महत्व नै विस्तारै हराउँदै जाने त हैन भन्ने चिन्ता बढ्न थालेको छ । अझ दरको नाउमा महिना दिन अघि देखी ठूलो धनरासी खर्च गरेर होटलहरुमा कार्यक्रम गर्ने महँगा महँगा गहना कपडाहरु लगाएर प्रदर्शन गर्ने गरेर यो पर्वलाई बिस्तारै भड्किलो गरी मनाउने चलन बढेर गएको छ ।


वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


# निष्ठाको...

...नेता भण्डारीले सत्य र निष्ठाको प्रतीक भएको चर्चा गर्दै उनको योगदानको काँग्रेसले अनुसरण गर्ने र उनको सपना साकार पार्नेतर्फ लाग्नुपर्नेमा जोड दिए । कार्यक्रममा नेपाली काँग्रेसका पूर्व केन्द्रीय सदस्य राजन प्रसाद पन्तले सँगै जेल जीवन बिताउँदा विप्रलाई राम्रोसँग चिनेको भन्दै संगठन निर्माणमा उनले खेलेको भूमिका महत्वपूर्ण रहेको बताए । उनले भने 'दाइ क्रान्तिकारी हुनुहुन्थ्यो, उहाँले समाज परिवर्तन गर्नुपर्छ भन्ने पक्षमा सधै वकालत गर्नु भयो ।'

काँग्रेस पाल्पाका निवर्तमान सभापति तथा लुम्बिनी प्रदेशका सांसद वीरबहादुर रानाले अत्यन्त सरल, इमान्दार र लोभलालचबाट टाढा रहने कोइरालाबाट नेताहरुले पाठ सिक्नुपर्ने धारणा व्यक्त गरे । उनले सत्कर्मको फल स्वरुप दाइको निधन सहज भएको बताए । नेता रानाले भने 'मृत्यु स्वाभाविक हो तर त्यो कस्तो हो भन्ने कुरा महत्वपूर्ण रहन्छ, लोकतान्त्रिक अवस्थाको जनताले अनुभुती गर्न पाएका छैनन् । उनले देखाएको बाटो काँग्रेसले अवलम्बन गर्नुपर्छ ।'

राप्रपाका केन्द्रीय सदस्य नारायण कोइरालाले समाज परिवर्तनमा कोइराला क्रान्तिकारी स्वाभवका रहेको बताए । सोही अवसरमा काँग्रेसका पूर्व जिल्ला सचिव यमलाल तिमिल्सिनाले स्व. विप्रको जीवनीका बारे चर्चा गरेका थिए । पाटी जिल्ला सभापति हिमालदत्त श्रेष्ठको अध्यक्षता, सचिव सुनिता अधिकारीको सञ्चालनमा कार्यक्रम भएको थियो । सभामा काँग्रेसका नेताहरुको उल्लेखीय सहभागीता रहेको थियो ।


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई